बारागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोपवा, बारा मधेश प्रदेश, नेपाल

# बालिका तथा समावेशी शिक्षा रणनीति, २०८२

पारित भएको मिति।
२०८२/१०/१६

## बारागढी गाउँपालिका खोपवा बारा

### मधेश प्रदेश, नेपाल

# परिच्छेद १: परिचय

१.१ भौगोलिक पृष्ठभूमि

बारागढी गाउँपालिका बाराको जिल्लामा अवस्थित एक ग्रामीण गाँउपालिका हो। यस गाउँपालिकामा ६ वटा वडा रहेका छन् र कुल क्षेत्रफल लगभग ३९.२९ वर्ग किलोमिटर छ। बारागढी गाउँपालिकाको कुल जनसंख्या २९,५५५ रहेको छ। यसमध्ये पुरुषको संख्या करिब १४,९०० (५०.४%) र महिलाको संख्या करिब १४,६५५ (४९.६%) रहेको छ। यहाँको भौगोलिक अवस्था समतल र कृषिको लागि उपयुक्त रहेको छ। बारागढीले आसपासका बारा जिल्ला, महागढीमाई नगरपालिका, कोल्हवी नगरपालिका लगायतका स्थानहरूसँग सिमाना बाँडेको छ।

यो गाउँपालिकामा प्रमुख भाषाहरू भोजपुरी, थारू, मैथिली र नेपाली हुन् भने यहाँ थारू, दुसाध, तेली, मलाहा लगायत विभिन्न जातीय समुदायहरू बसोबास गर्दछन्। कृषिकै अर्थतन्त्र मुख्य छ र यहाँ धान, मकै लगायतका फसलहरू उत्पादन गरिन्छ। विद्यालय, वित्तीय संस्था र पूर्वाधार विकासमा पनि ध्यान दिइएको छ, जसले स्थानीय जनताको जीवनस्तर सुधार्न मद्दत गरेको छ। बारागढीले सडक, पुल जस्ता पूर्वाधार विकासमार्फत सम्पर्क र आर्थिक क्रियाकलापलाई थप सुदृढ बनाउन निरन्तर प्रयास गरिरहेको छ।

१.२ शैक्षिक पृष्ठभूमि

२०७८ सालको राष्ट्रिय जनगणना अनुसार, यहाँको कुल जनसंख्यामा १५,८५१ जना (५ वर्ष र सोभन्दा माथिका) साक्षर छन् भने लगभग १५०० जना (साक्षरताको अभावमा) साक्षर छैनन्। यसका आधारमा, बारागढी गाउँपालिकाको साक्षरता दर लगभग ६५% रहेको अनुमान गर्न सकिन्छ। बारागढी गाउँपालिकामा शिक्षा र साक्षरता स्तरमा उल्लेखनीय सुधार आएको छ।

शिक्षा क्षेत्रमा थप प्रगति गर्दै, बारागढी गाउँपालिकाले २०८० सालको भदौ महिनामा बारा जिल्लामा पहिलो "साक्षर गाउँपालिका" को घोषणा गरेको छ। यसले स्थानीय सरकारको शिक्षा प्रवर्धन र साक्षरता अभियानको सफलता दर्शाउँछ। गाउँपालिकामा जम्मा १६ वटा सामुदायिक विद्यालयहरु मध्ये १२ वटा आधारभूत विद्यालय र ४ वटा माध्यमिक विद्यालयहरू र ५ वटा संस्थागत अधारभुत विद्यालयहरु रहेका छन्। यी विद्यालयहरूले स्थानीय विद्यार्थीहरूको शैक्षिक आवश्यकताहरू पूरा गर्दै, शिक्षा पहुँच र गुणस्तरमा सुधार ल्याउन मद्दत पुर्याएका छन् ।

## १.३ समस्या र चुनौती

४ बारागढीमा GESI (Gender Equality and Social Inclusion) र GEDSI (Gender, Equity, Disability) समावेशी शिक्षा कार्यान्वयनमा चुनौतीहरू निम्नानुसार छन् :

- **शैक्षिक पहुँच र सहभागितामा विभाजन**: बालिका, अपाङ्गता भएका, दलित र मुस्लिम विद्यार्थीहरूको पहुँच कमजोर भइरहेको छ ।
- **पूर्वाग्रह र पूर्वाधार कमी**: सामाजिक रूढी, समावेशी पूर्वाधार (अपाङ्गमैत्री विद्यालय निर्माण, स्वच्छता सुविधा आदि), तथा शिक्षक-शिक्षिका तालिमको अभावले समस्या बढाइरहेको छ।
- ४ **समुदाय-सरकार बीच समन्वयको कमी**: स्थानीय सरकार, विद्यालयहरू, अभिभावक तथा समुदायबीच योजना कार्यान्वयनमा सहकार्य र समन्वय कमजोर देखिन्छ ।

## १.४ आवश्यकता

बारागढीमा समावेशी शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न यी रणनीतिहरू अत्यावश्यक छन्:

- ४ **सर्वसमावेशी पूर्वाधार निर्माण**: अपाङ्गमैत्री र निजी-स्रोतयुक्त विद्यालय पूर्वाधार, सुवे धार्मिक सुविधा।
- ४ **शिक्षक क्षमता अभिवृद्धि**: GESI दृष्टिकोणमा तालिम प्रदान गरी समावेशी शिक्षण विधि प्रचार-प्रसार गर्ने।
- **स्रोत परिचालन र योजना लक्षित पुनरावलोकन**: साक्षरता, उपस्थिति र सिकाइ गुणस्तरमा विभाजित डेटा प्रयोग भई लक्षित रणनीति लिने।
- **समुदायको सक्रिय सहभागिता**: योजना बनाउने, अनुगमन गर्ने र कार्यान्वयनमा सीमान्तकृत समूहहरूको भूमिका सुनिश्चित गर्ने।

## १.५ दृष्टिकोण, सिद्धान्त र मान्यता

बारागढीको समावेशी शिक्षा रणनीतिले यस प्रकारका सिद्धान्तमा विश्वास गर्छ:

- ४ **"सबै बालबालिकाले सिक्न सक्छन्"** भन्ने विश्वासयुक्त दृष्टिकोण।
- **बहुआयामिक विविधता** (जस्तै: भाषिक, सांस्कृतिक, शारीरिक, सामाजिक) को सम्मान गर्दै न्यायपूर्ण र लचीला शिक्षण प्रणाली।
- **उत्तरदायी र साझेदारी सम्बन्ध** विद्यालय, समुदाय र राज्यबीच स्थापित गरिने।
- **समावेशी वातावरण निर्माण**: शैक्षिक प्रणालीमा लैङ्गिक समानता, अपाङ्गता सहजीकरण र सांस्कृतिक विविधता मान्यता सहित समान अवसर सिर्जना गर्ने।

परिच्छेद २:

दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता

समावेशी शिक्षा रणनीति: दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरू

**२.१ दीर्घकालीन सोच** (Vision)

लैङ्गिक समानता, समावेशिता र समान अवसरमा आधारित शिक्षा प्रणालीको विकास, जसले सबै बालबालिकालाई—विशेषगरी बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई—समान, सुरक्षित, पहुँचयोग्य र गुणस्तरीय शिक्षाको सुनिश्चितता प्रदान गर्छ।

**२.२ लक्ष्य** (Goal)

बालिका, अपाङ्गता भएका बालबालिका र सीमान्तकृत समुदायहरूका लागि विद्यालय शिक्षामा पहुँच, सक्रिय सहभागिता र सिकाइ उपलब्धिमा सुधार गर्दै उनीहरूका लागि समान, समावेशी र गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्नु।

**२.३ उद्देश्यहरू र रणनीतिहरू** (Objectives and Strategies)

**उद्देश्य २.३.१**

- समावेशी, सुरक्षित र पहुँचयोग्य वातावरणमा सबै बालबालिकालाई विद्यालय शिक्षामा समान अवसर सुनिश्चित गर्नु।

**रणनीतिहरू**

- स्थानीय तहको शिक्षासम्बन्धी योजनामार्फत लक्षित समूहको आवश्यकतालाई पहिचान गर्दै सम्बोधन गर्ने।
- विद्यालयहरूमा पहुँचयोग्य, अपाङ्गता मैत्री र सुरक्षित भौतिक पूर्वाधार निर्माण गर्ने।
- शैक्षिक सुपरिवेक्षण र मूल्याङ्कन प्रक्रियामा समावेशी दृष्टिकोण अपनाउने।
- सिकाइ प्रक्रियालाई बालिका, अपाङ्गता भएका र भाषिक विविधता भएका बालबालिका मैत्री बनाउने।

**उद्देश्य २.३.२**

- लैङ्गिक र समावेशी शिक्षालाई संस्थागत बनाउने नीतिगत ढाँचा र कार्यविधि निर्माण गर्नु।

**रणनीतिहरू**

- नीति तथा कार्यक्रम निर्माण प्रक्रियामा लक्षित समूहको सहभागिता सुनिश्चित गर्ने।
- स्थानीय तहमा बालिकामैत्री शिक्षा कार्यविधि विकास गर्ने।
- शिक्षा प्रणालीलाई समावेशी बनाउने 'mainstreaming' प्रक्रिया अपनाउने।

- पालिका योजनामा लैङ्गिक तथा समावेशी शिक्षा समावेश गर्ने।

**उद्देश्य २.३.३**

- समावेशी शिक्षासम्बन्धी सञ्जाल र संरचनाको सुदृढीकरण तथा क्षमता विकास।

**रणनीतिहरू**

- शिक्षा समितिहरूमा लक्षित समूहको प्रतिनिधित्व सुनिश्चित गर्ने।
- नीति पैरवी र नेतृत्व विकास गर्ने।
- समावेशी सूचकहरू समेट्ने योजना विकास गर्ने।

**उद्देश्य २.३.४**

लक्षित समूहको सिकाइ उपलब्धिमा सुधार ल्याउने सहजीकरण प्रक्रिया संचालन गर्नु।

**रणनीतिहरू**

- परीक्षाफल सुधारका कार्यक्रम सञ्चालन गर्ने।
- उपस्थिति सुनिश्चित गर्न प्रेरणा कार्यक्रम।
- सिकाइ मूल्याङ्कन प्रणाली विकास गर्ने।
- अपाङ्गता मैत्री परीक्षा प्रणाली लागू गर्ने।

**उद्देश्य २.३.५**

- समावेशी शिक्षाको प्रवर्द्धनका लागि व्यापक जनचेतना अभिवृद्धि गर्नु।

**रणनीतिहरू**

- मुदायिक चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- बाल क्लब गठन र सशक्तीकरण गर्ने।
- अभिभावक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने।
- सूचनामूलक सामग्री प्रचार गर्ने।

## उद्देश्य २.३.६

समन्वय र सहकार्यद्वारा शैक्षिक कार्यक्रम प्रभावकारी कार्यान्वयन।

**रणनीतिहरू**

- सरोकालवाला संग समन्वय बैठक सञ्चालन गर्ने।

- सम्वन्धीत पक्षहरुको जिम्मेवारी निर्धारण गर्ने।
- सञ्चार प्रणाली विकास गर्ने।

### उद्देश्य २.३.७

शैक्षिक कार्यक्रमहरूको कार्यान्वयनमा गुणस्तर सुधार ल्याउने।

**रणनीतिहरू**

- सिकाइ सुधार कार्यक्रम सञ्चालन गर्ने।
- कक्षा व्यवस्थापनमा समता सुनिश्चित गर्ने।
- अवसर लागत न्यूनीकरण गर्ने।
- बहुभाषिक शिक्षा प्रवर्द्धन गर्ने।

### उद्देश्य २.३.८

- नतिजा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्नु।

**रणनीतिहरू**

- निरन्तर अनुगमन प्रणाली विकास गर्ने।
- तथ्याङ्क संकलन र केस स्टडी गर्ने।
- नीतिमा तथ्याङ्क प्रयोग गर्ने।

## परिच्छेद : ३

## बालिका र समावेशी शिक्षाका लागि कार्यान्वयन तथा अनुगमन कार्ययोजना

### १. समावेशी विद्यालय शिक्षाको सुनिश्चितता

| क्र सं | क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|---|
| १ | शैक्षिक सचेतना कार्यक्रम सञ्चालन | समुदायमा शिक्षा प्रतिको सकारात्मक दृष्टिकोण | नगरपालिका शिक्षा शाखा, GIEN, विद्यालय | प्रत्येक शैक्षिक सत्रको सुरुवात | आयोजित कार्यक्रम संख्या, सहभागी संख्या |
| २ | बालबालिका पहिचान र घरघर भ्रमण | विद्यालय नामांकनमा वृद्धि | विद्यालय, नगरपालिका, समुदाय विद्यालय व्यवस्थापन समिति | जेठ–असार, निरन्तर | नयाँ नामांकन संख्या, भर्ना दर |

## २. समावेशी भौतिक पूर्वाधार विकास

| क्र सं | क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|---|
| १ | बालमैत्री शौचालय निर्माण | छात्र-छात्राहरूका लागि सुरक्षित वातावरण | नगरपालिका, विद्यालय, NGO | चालु आर्थिक वर्ष, निरन्तर | सुधार गरिएका पूर्वाधार संख्या |
| २ | स्वच्छ पिउने पानी तथा हात धुने सुविधा | स्वस्थ वातावरण सिर्जना | विद्यालय, नगरपालिका | चालु आर्थिक वर्ष, निरन्तर | सञ्चालित सेवा संख्या |

## ३. समावेशी पाठ्यक्रम र शिक्षक प्रशिक्षण

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| समावेशी पाठ्यक्रम समावेशीकरण | शिक्षण सिकाइ सहज | शिक्षा शाखा, पाठ्यक्रम केन्द्र | वर्षभर | समावेशी सामग्री समावेश दर |
| शिक्षकहरूको लागि समावेशी शिक्षण तालिम | शिक्षकको व्यवहारमा सकारात्मक परिवर्तन | नगरपालिका, शिक्षा शाखा | निरन्तर | तालिमप्राप्त शिक्षक संख्या |

## ४. लैङ्गिक र समावेशी नीतिगत संरचना

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| GIEN बैठक आयोजना | समुदायको आवाज नीतिमा समावेश | नगरपालिका, GIEN | त्रैमासिक | बैठक संख्या, सहभागिता दर |
| विद्यालय सुधार योजना अद्यावधिक | नीतिगत एकरूपता | विद्यालय, शिक्षा शाखा | प्रत्येक वर्ष | अद्यावधिक योजना संख्या |

## ५. बालिका र समावेशी शिक्षासम्बन्धी सञ्जाल सशक्तीकरण

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| बाल अधिकार समितिमा प्रतिनिधित्व | अधिकार र अवसरमा पहुँच | नगरपालिका, समिति | वार्षिक | प्रतिनिधित्व दर |
| GIEN क्षमता विकास तालिम | नीति पैरवी क्षमता विकास | नगरपालिका, GIEN, साझेदार | निरन्तर | तालिम संख्या, सहभागिता |

## ६. लक्षित समूहको सिकाइ उपलब्धिमा सुधार

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| पुनः सिकाइ कार्यक्रम सञ्चालन | शैक्षिक उपलब्धिमा वृद्धि | विद्यालय, नगरपालिका | निरन्तर | सहभागी संख्या |
| अपाङ्गता भएकालाई पृथक मूल्याङ्कन विधि विकास | समान परीक्षा अवसर सुनिश्चित | शिक्षा शाखा, परीक्षा समिति | वार्षिक | मूल्याङ्कन सुधार संकेत |

## ७. जनचेतना अभिवृद्धि

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| रेडियो, पोस्टर, नाटकद्वारा सन्देश | जनचेतनाको स्तरमा वृद्धि | नगरपालिका, NGO | वर्षभर | सञ्चालित कार्यक्रम संख्या |
| बाल सञ्जाल, बाल क्लब गठन तथा नेतृत्व तालिम | बालबालिकाको सशक्त आवाज | विद्यालय, बाल क्लब | प्रत्येक वर्ष | सक्रिय बाल क्लब संख्या |

## ८. गुणस्तर सुधार

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| शिक्षक दक्षता विकास तालिम | गुणस्तरीय शिक्षण | नगरपालिका, शिक्षक संघ | प्रत्येक वर्ष | तालिम संख्या, सहभागिता |
| स्थानीय भाषामा शिक्षण सामग्री विकास | शिक्षण पहुँचमा वृद्धि | विद्यालय, पाठ्यक्रम केन्द्र | वर्षभर | सामग्री संख्या |

## ९. समन्वय र अनुगमन प्रणाली

| क्रियाकलापहरू | अपेक्षित परिणाम | जिम्मेवार निकायहरू | समयसीमा | अनुगमन सूचकहरू |
|---|---|---|---|---|
| समन्वय बैठक आयोजना | समस्या समाधानमा गति | नगरपालिका, सरोकार निकाय | त्रैमासिक | बैठक संख्या |
| विद्यालय अनुगमन | सुधारका लागि प्रमाणित तथ्यांक | नगरपालिका, शिक्षा शाखा | मासिक | अनुगमन प्रतिवेदन संख्या |

# परिच्छेद : ४

# वित्तीय स्रोत पहिचान, व्यवस्थापन तथा जोखिम व्यवस्थापन

## ४.१ स्रोत पहिचान

- सङ्घीय तथा प्रदेश सरकारका निकायहरुबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।
- स्थानीय तहको पालिका र वडा कार्यालयहरुबाट प्राप्त हुने प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका साझेधार संस्थाहरूबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।
- निजी क्षेत्रबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।
- अन्य क्षेत्रबाट प्राप्त हुने अनुदान रकम र जिन्सी सहायता परिचालन गर्ने ।

## ४.२ वित्तीय स्रोत व्यवस्थापन

- पालिकाको वित्तीय समानीकरण र आन्तरिक स्रोतका आधारमा यथार्थ बजेट र कार्यक्रम निर्माण गर्ने ।
- कार्यान्वयन गर्ने पक्षले समयै रकम माग गर्ने र समयमै कार्यक्रम सम्पन्न गर्ने ।
- खर्चलाई लक्ष्य, मापदण्ड र बजेटको सीमाभित्र राख्ने ।
- स्थानीय तहको पालिका तथा वडास्तरीय बजेटका अतिरिक्त अन्य स्रोतहरुबाट वित्तीय र भौतिक सहयोगहरु जुटाउने ।

## ४.३ वित्तीय जोखिम अनुमान र व्यवस्थापन

### ४.३.१ वित्तीय जोखिम अनुमान

- बजेट रकमान्तर र संशोधन हुँदा कार्यक्रमको बजेट आंशिक वा पूर्ण रुपमा वित्तीय अनिश्चितता उत्पन्न हुनु ।
- पालिकाको कार्यक्रम र बजेटमा प्राथमिकता प्राप्त हुन सक्नु ।
- कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पाएको समिति वा शाखाबाट समयमा कार्य सम्पन्न नहुँदा कार्यक्रमको बजेट खेर जानसक्नु ।
- कार्यविधि र मापदण्डको पालना नगर्नाले वा कार्यविधि बिना कार्यक्रम सञ्चालन गर्नाले बेरुजू भई कार्यक्रमको विश्वसनीयतामा कमी हुन सक्नु ।
- सङ्घीय वा प्रदेश वा स्थानीय सरकारको ऐन, कानून, नीति, नियममा हुने परिवर्तनले खर्च गर्ने मापदण्डहरु परिवर्तन हुन सक्नु ।

### ४.३.२ वित्तीय जोखिम व्यवस्थापन

- पालिकाका सम्बन्धित पक्ष र सरोकारवालाहरु बजेट रकमान्तर र संशोधनमा ध्यान दिने ।
- पालिका र विद्यालयस्तरीय कार्यक्रमहरु समयमै सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
- बैठकको निर्णय, कार्यविधि र खर्च गर्ने मापदण्ड बमोजिम बजेट खर्च गर्ने ।
- कार्यक्रमको योजना, कार्यान्वयन प्रक्रियामा हुन सक्ने मानवीय त्रुटिहरु प्रति सचेत र सजग रहने ।
- प्राविधिक र खरिद प्रक्रिया सम्बन्धी विषय विज्ञको सहयोग लिएर कार्यक्रम सञ्चालन गर्ने ।
- कार्यक्रम तयारी बैठक र समीक्षा बैठकहरु गर्ने ।